नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# प्रेस विज्ञप्ति

मितिः २०७६/७/७

नेपाल सरकारको तर्फबाट ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री र जनवादी गणतन्त्र अष्ट्रियाको तर्फबाट The Federal Minister for Transport, Innovation and Technology बीच २२ मे २०१९ मा सम्पन्न Hydropower Infrastructure Technology Cooperation सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) को कार्यान्वयनको लागि गठित नेपाल-अष्ट्रिया संयुक्त कार्य समूह (Nepal Austria Joint Working Group) को प्रथम बैठक मिति २०७६/७/४ गते काठमाडौंमा सम्पन्न भयो।

उक्त बैठकको नेतृत्व नेपालको तर्फबाट ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको सचिव श्री दिनेश कुमार घिमिरेले गर्नु भएको थियो भने अष्ट्रिया सरकारको तर्फबाट त्यहाँको Federal Ministry for Transport, Innovation and Technology मन्त्रालयको Personal Advisor to the Vice Minister, DG III- Innovation and Telecommunication श्री सोन्या स्टीलरले गर्नु भएको थियो ।

बैठकमा ऊर्जा क्षेत्रमा नेपाल तथा अष्ट्रिया बीच ऊर्जा क्षेत्रमा हुन सक्ने आपसी सहयोगका अतिरिक्त नेपालका विद्युत आयोजनाहरुमा लगानी, नेपाली प्राविधिकहरुको क्षमता अभिवृद्धिमा अष्ट्रियाको सरकारी एवं निजी क्षेत्रको संलग्नताको सम्भावना बारे छलफल भयो।

बैठकमा ऑस्ट्रियन पक्षबाट ६३५ मेगावट क्षमताको दुधकोशी र १०१ मेगावाट क्षमताको तामाकोशी-५ जलविद्युत आयोजनाहरुको Hydro-mechanical र Electro-mechanical कार्यमा लगानीको लागि सहभागी हुने ईच्छा व्यक्त भयो।

यसका साथै बैठकमा पाइलट प्रोजेक्टको रुपमा खरिपाटी स्थित नेपाल विद्युत प्राधिकरणको तालिम केन्द्रको स्तरोन्नति गर्ने समझदारीपत्रको फ्रेमवर्कभित्र रही Operators and Maintenance Personal हरुको तालिम तथा Trainer's Training सञ्चालन गर्ने सम्बन्धमा सहमति भयो। यसको लागि Need Assessment को कार्य दुई महिनाभित्र सम्पन्न गर्ने निर्णय बैठकले गर्यो ।यो प्रोजेक्ट अन्तर्गत नेपाली प्राविधिक कर्मचारीहरुलाई एन्ड्रिज कम्पनीको भारत स्थित निकायहरुमा तालिमको अवसर उपलब्ध गराइने समेत सहमति भयो ।

२०७६/७/७

(प्रवीण राज अर्याल)
सहसचिव एवम् प्रवक्ता